# रोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ भाग-१ मितिः२०८२/०९/२६

## भाग-१

रोशी गाउँपालिका

नेपालको संविधानको धारा २२६ बमोजिम रोशी गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं. ०४

## रोशी गाउँपालिकाको
## जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८२

**प्रस्तावनाः-** रोशी गाउँपालिकाका बासिन्दाहरुलाई वातावरण संरक्षण सँगसँगै प्राकृतिक श्रोतहरुको संरक्षण तथा उपयोगबाट आर्थिक रुपमा सम्पन्न बनाउन जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग गराउन,

नेपालको संविधानको अनुसूची ८ को सि.नं. २१, बागमती प्रदेश सरकारद्वारा जारी नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ बमोजिम स्थानीय तहको एकल अधिकार क्षेत्र भित्रको विषयलाई कानून बनाई व्यवस्थित गर्न,

जालाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थका विषयमा आवश्यक कानून बनाई रोशी गाउँपालिकाको क्षेत्रभित्र रहेको निजी जग्गा तथा नदी खोला किनाराहरुबाट उत्खनन् हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो र वन्यजन्तु संकलन तथा ढुवानी एवम् सो सँग सम्बन्धित उद्योगहरु स्थापना गर्ने, गाउँपालिका क्षेत्रमा रहेका वन तथा प्राकृतिक सम्भावनाहरूमा पर्यापर्यटनको कार्यलाई नियमन एवंम् व्यवस्थित गरी स्थानीयहरुको आयआर्जन बढाउने तथा स्थानीय स्तरमा नै उद्योगहरु स्थापना गरी रोजगारी सिर्जना गर्न साथै विपद्जन्य अवस्थामा वन्यजन्तु, ढुङ्गा, गिट्टी, बालुवा, पहिरोजन्य लगायतका सामग्रीहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,रोशी गाँउपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८२ रहेको छ। यो ऐन रोशी गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

(२) यो ऐन गाउँ सभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा।

(क) " ऐन" भन्नाले खानी तथा खनिज पदार्थ ऐन, २०४२ लाई सम्झनु पर्छ।

(ख) "सङ्घीय ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ग) ‘‘कार्यपालिका" भन्नाले रोशी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले रोशी गाउँपालिका सम्झनु पर्छ।

(ङ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(च) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ज) "सभा" भन्नाले रोशी गाउँ सभा सम्झनु पर्छ।

(झ) " नियमावली" भन्नाले खानी तथा खनिज पदार्थ नियमाली, २०५६ लाई सम्झनु पर्छ।

(ञ) "इजाजत" भन्नाले गाउँपालिकाबाट कार्यपालिकाको निर्णय अनुसार दिइने अनुमति सम्झनु पर्छ।

(ट) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले तीन रोपनी भन्दा बढी क्षेत्रफल भएको जग्गाको तोकिए बमोजिम वातावरणीय परीक्षण प्रतिवेदनलाई जनाउँछ।

(ठ) "निजी जग्गा व्यवस्थापन" भन्नाले गाउँपालिका क्षेत्र भित्र रहेका निजी जग्गाहरु (खानीबाहेक) आवास, कृषि वा गैर कृषि, व्यावसायिक वा गैर व्यावसायिक प्रयोजनको

लागि निजी हकभोग लालपुर्जा भित्रको जग्गा मात्र खन्ने, सम्याउने, पुर्ने कार्यलाई जनाउँछ।

(ड) "अन्तिम अधिकार प्राप्त तह" भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ढ) "मेशिनरी उपकरण" भन्नाले नदीजन्य प्राकृतीक पदार्थहरु उत्खनन् तथा संकलनका लागि प्रयोग गरिने एक्साभेटर, व्याकहो लोडर वा सोही प्रकृतिको अन्य उपकरणलाई सम्झनु पर्दछ।

(ण) "पर्यापर्यटन" भन्नाले वातावरणमा कुनै हानी नोक्सानी नहुने गरी पर्यटनसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्नुलाई सम्झनु पर्छ।

(त) ‘‘खनिज पदार्थ" भन्नाले जमिनको सतह वा भूगर्भभित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेकका कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गारिक पदार्थ सम्झनु पर्छ।

(थ) "खोजतलास कार्य" भन्नाले खानी वा खनिज पदार्थ पत्ता लगाउन वा खनिज पदार्थको, प्रकार, गुणस्तर, परिमाण, आदि निर्धारण गर्न गरिने सबै प्रकारको जाँचपडताल एवम् सम्भाव्यता अध्ययन कार्य सम्झनु पर्छ।

(द) "उत्खनन् कार्य" भन्नाले खनिज पदार्थको उत्खनन्, उत्पादन, विक्रि वितरण गर्ने कार्य सम्झनु पर्छ।

(ध) "खनिज क्षेत्र" भन्नाले खनिज कार्य गर्ने अनुमति पत्रमा उल्लिखित क्षेत्र सम्झनु पर्छ।

(न) "संगठित संस्था" भन्नाले साझा उद्देश्य प्राप्तिका लागि पुँजी, श्रम र प्रविधिको प्रयोग गरी वस्तु वा सेवा उत्पादन गर्न वा निश्चित कार्य गर्न स्थापना गरिएको, कानुनी मान्यता प्राप्त स्थायी सामाजिक समूह वा निकायलाई बुझिन्छ ।

## परिच्छेद-२
## जलाधार क्षेत्र संरक्षण तथा उपयोग सम्बन्धी व्यवस्था

३. **रोशी गाउँपालिका क्षेत्र भित्र जलाधार क्षेत्र संरक्षण तथा उपयोग गर्ने दायित्व रोशी गाउँपालिकाको स्थानीय सरकारलाई हुनेछ** ।

(१) गाउँपालिकाले नेपाल सरकारवाट रोशी गाउँपालिका क्षेत्र भित्र घोषित गरेको संरक्षित जलाधार क्षेत्र व्यवस्थापन गर्न सङ्घीय तथा प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ ।

(२) संरक्षित जलाधार क्षेत्रमा गर्न सकिने कार्यहरु :- संरक्षित जालाधार क्षेत्रमा गाउँपालिकाले जलाधार संरक्षणको लागि देहाय बमोजिम कार्यहरु गर्न गराउन सक्नेछ :-

(क) रोकथाम वा नियन्त्रण गर्ने बाँध (डेम), गल्छी नियन्त्रण (चेकडेम), तटबन्ध (इम्बाङ्कमेण्ट),गरा सुधार (टेरेसइम्प्रूभमेण्ट), कूलो, सहायक कूलो वा ढल (डाइभर्सन च्यानल), टेवादिने पर्खाल (रिटेनिंङ वाल), पोखरी र यस्तै अन्य आवश्यक बनौटको निर्माण गर्ने तथा त्यसको स्याहार संभार गर्ने,

(ख) परीक्षण स्थल (ट्रायल प्लट) हरुको व्यवस्था गर्ने तथा त्यसको स्याहार संभार गर्ने,

(ग) वृक्षारोपण गर्ने, घाँस, झारपात वा अन्य वनस्पति लगाउने र त्यसको स्याहार सम्भार गर्ने तथा हुर्काउने,

(घ) पहिरो जान सक्ने जग्गाहरु र भिराला पाखाहरुमा रहेका वन जंगल, झारपात, घाँस तथा अन्य प्राकृतिक वनस्पतिको संरक्षण गर्ने, त्यसको स्याहार सम्भार गर्ने तथा सम्बद्रन गर्ने,

(ङ) बाली र फलफूलको खेती गर्ने,

(च) माटोको उर्वरा शक्ति र पानी तथा वातावरणको स्वच्छता सन्तुलित रुपमा कायम बनाई राख्ने,

(छ) सम्बन्धित ठाउँहरुमा विद्युतीकरण गर्ने,

(ज) नेपाल सरकारले तोकि दिएका जलाधार संरक्षण सम्बन्धी अन्य कार्यहरु गर्ने ।

(३) रोशी गाउँपालिका क्षेत्र भित्र जलाधार क्षेत्र उपयोग गर्ने कार्य देहाय बमोजिमको हुनेछ ।

(क) पर्यटन प्रवर्धन गर्ने,

(ख) सिचाई तथा खानेपानीको व्यवस्थापन गर्ने,

(ग) नगदेबाली र फलफूलको खेती गर्ने,

(घ) जलचर, माछा, पाहा, गगटो पालन गर्न प्रोत्साहन गर्ने।

## परिच्छेद-३
## वन तथा वन्यजन्तु संरक्षण सम्बन्धी व्यवस्था

४. **रोशी गाउँपालिका क्षेत्र भित्र रहेका वन्यजन्तु संरक्षण गर्ने दायित्व रोशी गाउँपालिकाको स्थानीय सरकारलाई हुनेछ । गाउँपालिकाको वन तथा वन्यजन्तु संरक्षण गर्नका लागि देहाय बमोजिम कार्य गर्नेछ ।**

(१) वन, जंगल, वन्यजन्तु, चराचुरंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने,

(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तया सहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, संवर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने,

(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन गर्ने,

(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षरोपण व्यवस्थापन गर्ने,

(५) स्थानीयस्तरमा निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन गर्ने,

(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेषमा वृक्षरोपण, सम्भार, उपयोग र व्यवस्थापन,

(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गर्ने,

(८) वनबीउ बगैचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन गर्ने,

(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन गर्ने,
(१०) वन्यजन्तु र चराचुरुंगीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन गर्ने,
(११) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन गर्ने,
(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन गर्ने,
(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,
(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,
(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुंगीको अभिलेखांकन र अध्ययन अनुसन्धान,
(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,
(१७) मिचाहा प्रजातिको नियन्त्रण,
(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण,
(१९) जैविक विविधताको अभिलेखांकन,
(२०) स्थानीय स्तरमा हरियाली प्रवर्द्धन,
(२१) स्थानीय साना जल उपयोगसम्बन्धी क्षेत्रगत आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
(२२) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,
(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,
(२४)स्थानीयस्तरमा प्रक्षण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,
(२५) स्थानीयस्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन।

## परिच्छेद-४
## खनिज कार्य उत्खनन गर्ने सम्बन्धी अधिकार

५. **खानी तथा खनिज पदार्थका उत्खनन गर्ने सम्बन्धी अधिकार यस गाउँपालिकाको स्थानीय सरकारलाई हुनेछ ।** (१) यस ऐनको अधीनमा रही गाउँपालिका आफैले गर्ने वा अरू कुनै व्यक्तिलाई अनुमति प्रदान गर्नेछ। स्थानीय सरकारलाई खनिज कार्यमा पूँजी लगानी गरी वा अन्य कुनै प्रकारले वा आफैले सञ्चालन गरेर हिस्सेदार बन्ने अधिकार हुनेछ।

(२) खनिज कार्य गर्ने अनुमति:

(क) खनिज कार्य गर्ने अनुमति प्रदान गर्दा खनिज पदार्थको स्रोत सुनिश्चित भएको हुनुपर्ने छ।

(ख) यो ऐनको अधीनमा रही खनिज कार्य गर्न चाहने व्यक्तिले गुणस्तर तथा परिमाण यकिन भइ नसकेको खनिज पदार्थको हकमा सर्वप्रथम खोजतलास कार्य गर्ने र अनुमतिको लागि र गुणस्तर तथा परिमाण यकिन भइसकेको खनिज पदार्थको हकमा उत्खनन् कार्यको प्रस्तावित योजना समेत संलग्न गरी उत्खनन् कार्य गर्ने अनुमितको लागि तोकिए बमोजिम गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(ग) निवेदन प्राप्त भएपछि गाउँपालिकाले आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति आर्थिक एवम्

प्राविधिक क्षमता भएको र खनिज कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई अनुसूची - ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ।

६. **उत्खनन कार्य गर्ने अधिकार :** (१) कुनै क्षेत्रमा कुनै खनिज पदार्थको खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिलाई सो क्षेत्रमा सोही खनिज पदार्थको उत्खनन् कार्य गर्न अनुमति पाउने अधिकार हुनेछ।

(२) खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिले खोजतलास कार्य गर्दा अनुमति पत्रमा उल्लिखित खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा त्यसको जानकारी गाउँपालिकामा दिनु पर्नेछ।

(३) खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिले खोजतलास कार्य गर्दा बहुमुल्य बस्तु प्राप्त भएमा त्यस्तो बस्तु गाउँपालिकामा बुझाउनु पर्ने छ।

## परिच्छेद-५

## तथ्याङ्क व्यवस्थापन

७. **तथ्याङ्क व्यवस्थापन सम्बन्धमाः** (१) यस ऐन अनुसार गाउँपालिका क्षेत्रभित्र रहेका जलाधार, वन्यजन्तु, खानी तथा तथा खनिज पदार्थको बारेमा गाउँपालिकामा रहेका सबै श्रोतहरूका बारेमा छुट्टाछुट्टै तथ्याङ्क संकलन गर्नुपर्नेछ।

(२) उपदफा (१) अनुसार संकलन गरिएको तथ्याङ्कका आधारमा स्थानीय बासिन्दाहरुको जीवनस्तर सुधार हुने तथा प्रकृतिमा गम्भीर असर नपर्ने किसिमका उद्योग व्यवसाय सञ्चालनका लागि

गाउँपालिकाले खुल्ला प्रतिस्पर्धाका लागि प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(३) यस्ता उद्योगहरु गाउँपालिका आफैले समेत सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-६

## वातावरणीय अध्ययन प्रतिवेदन र उद्योग सञ्चालन

८. **वातावरणीय अध्ययन प्रतिवेदनः** (१) गाउँपालिकामा परिच्छेद-२ अनुसारका जलाधार, वन्यजन्तु खानी, तथा खनिज पदार्थ, नदीजन्य पदार्थ लगायतका विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा उद्योगहरु सञ्चालन गर्नका लागि अनिवार्य रुपमा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) अनुसार तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रस्तुत गर्नुपर्नेछ ।

(३) वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावका बारेमा तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था रोशी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्यन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७८ बमोजिम हुनेछ ।

(५) वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने

विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवम् दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नुपर्ने विधि तथा प्रक्रिया उल्लेख गर्नुपर्नेछ।

(७) गाउँपालिकाले उद्योग सञ्चालनका लागि लिखित अनुमति दिएपछि मात्र उद्योग सञ्चालन गर्न सकिनेछ

(८) जलाधार सम्बन्धी पानी प्रसोधन लगायत, वन्यजन्तु सम्बन्धी चिडियाखाना, पर्यापर्यटन लगायत, खानी तथा खनिज सम्बन्धी क्रसर, ढुङ्गा, माटो, गिट्टी, प्रसोधन लगायतका उद्योगहरु सञ्चालन गर्न सकिनेछ।

९. **उद्योग स्थापना तथा व्यवस्थापनः** (१) संविधान, कानुनले दिएको अधिकार प्रयोग गरी गाउँपालिका आफैले पूर्ण स्वामित्व वा निजी तथा सार्वजनिक निकायहरुसँगको सहकार्यमा तथा निजी क्षेत्रलाई जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी उद्योगहरु स्थापना गर्न अनुमति प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाको कार्यालयमा निजी तथा सार्वजनिक क्षेत्रले उद्योग स्थापना गर्नका लागि निवेदन दिएमा दफा ९ बमोजिम गठन भएको समितिले सम्भाव्यता अध्ययन गरी उद्योग स्थापना गर्नका लागि प्रतिवेदन कार्यपालिका समक्ष प्रस्तुत गर्नेछ।

(३) कार्यपालिकाले उक्त प्रतिवेदनको अध्ययन गरी इजाजत पत्र प्रदान गर्न सक्नेछ।

(४) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थबाट गाउँपालिकाले गरेको आम्दानीबाट कम्तीमा ५ प्रतिशत रकम सोही क्षेत्रमा संरक्षण तथा सम्बर्द्धनका लागि खर्च गर्नु पर्नेछ ।

१०. **अनुगमन तथा निरीक्षणः** दफा ५ मा उल्लेख गरिएको व्यवस्थाको लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिम अनुगमन समिति गठन गरिनेछ। उक्त समितिले यस ऐनले व्यवस्था गरेका अन्य विषयहरुमा समेत कार्य गर्नेछ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी | सदस्य |
| पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| उद्योग नियमन शाखा प्रमुख | सदस्य |
| राजश्व प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य सचिव |

११. **अनुमतिपत्रको नवीकरणः** अनुमति प्राप्त व्यक्तिले प्रत्येक वर्ष खनिज कार्य गर्ने अनुमति पत्र  गाउँ सभाबाट जारी हुने आर्थिक ऐनमा तोके बमोजिम दस्तुर तिरी सालबसाली रुपमा नवीकरण गराउनु पर्नेछ ।

१२. **खोजतलास अवधिः** खोजतलास अवधि खोजतलास कार्यको प्रगती अनुसार प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

१३. **उत्खनन् अवधिः** उत्खनन् अवधि खनिज पदार्थको प्रकृति, परिमाण र उत्खनन् कार्यको लागि चाहिने प्रविधि, पूँजी, मौसम र लगानीको

प्रक्षेपित प्रतिफलको आधारमा प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

१४. **खनिज कार्यको सञ्चालनः** (१) अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले खनिज कार्यको सञ्चालन खनिज कार्य गर्ने अनुमति प्राप्त गरेको अवधी प्रचलित कानूनमा तोकिएको अवधि भित्र गर्नु पर्नेछ ।

(२) अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा अपनाउनुपर्ने कार्यविधि र प्रक्रिया तथा पालन गर्नुपर्ने शर्तहरू प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

१५. **खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुनेः** (१) खनिज कार्य गर्ने व्यक्ति वा संगिठत संस्थाले खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ । साथै त्यस्तो खनिज कार्य गर्ने व्यक्तिले वातावरण संरक्षणका सम्बन्धमा कार्यपालिकाले IEE प्रतिवेदन स्वीकृत गरे बमोजिम बचाउका उपायहरू अवलम्बन गर्नुपर्ने छ ।

(२) खनिज कार्य गर्ने व्यक्तिले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन गाउँपालिकाले सम्बन्धित व्यक्तिलाई आवश्यक निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा संगठित संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद-७
## विशेष व्यवस्था

१६. **विशेष व्यवस्थाः** (१) गाउँपालिकाले राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्वको दृष्टीकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको

लागि निषेधित क्षेत्र घोषित गर्न वा कुनै क्षेत्रको सम्बन्धमा विशेष शर्तहरू तोकी खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

(२) गाउँपालिकाले खनिज कार्य गर्ने अनुमति दिइसकेको क्षेत्रमा अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाको खनिज कार्यमा कुनै बाधा अड्चन नपर्ने गरी खनिज कार्यको लागि अनुमति दिइसकेको खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको खनिज कार्य आफैले गर्न वा अरू कुनै व्यक्ति वा संगठित संस्थालाई अनुमति प्रदान गर्न सक्नेछ ।

(३) गाउँ कार्यपालिकाले कुनै खास खनिज पदार्थको खनिज कार्य गाउँपालिकाले तोकेको अन्य कुनै सरकारी निकाय वा सरकारी स्वामित्व रहेको संगठित संस्थाले मात्र गर्न पाउने गरी तोक्न सक्नेछ ।

(४) सर्वसाधारणले निजी प्रयोगको निम्ती उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी गाउँपालिकाले निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, गिट्टी, ढुङ्गा र बालुवा जस्ता खनिज पदार्थका सम्बन्धमा छुट्टै व्यवस्था गर्न सक्नेछ । यस प्रयोजनका लागि निजी जग्गामा निर्माण लगायतका कार्य गर्दा निस्कने माटो, गिट्टी, ढुङ्गा र बालुवाका लागि समेत गाउँपालिकाले आवश्यक अध्ययन गरी पालिका भित्र र बाहिर ढुवानी गर्न समेत अनुमति दिनेछ ।

१७. **आदेश दिन सक्नेः** गाउँपालिकाले खनिज कार्यबाट खानी वा खनिज पदार्थको उत्पादन गर्दा हुन सक्ने क्षति, कसैको जीउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नोक्सानी रोकथाम गर्ने, कुनै प्रतिष्ठानमा हानी नोक्सानी हुन नदिन र भूक्षय हुन नदिन आवश्यक आदेश दिन सक्नेछ ।

१८. **खनिज पदार्थको निर्यातः** (१) गाउँपालिकाले आन्तरिक सुरक्षा, राष्ट्रिय सुरक्षा वा आन्तरिक माग आपूर्ति गर्नका लागि कुनै खनिज पदार्थ

विदेश वा अन्य जिल्ला वा अन्य स्थानीय तहको क्षेत्रभित्र निर्यात गर्न नपाउने गरी आदेश जारी गरी आवश्यक बन्देज लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आवश्यक बन्देज लगाएको अवस्थामा बाहेक अन्य अवस्थामा अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले आफूले उत्खनन् गरेको खनिज पदार्थ तोकिए बमोजिम अन्य स्थानमा निर्यात गर्न पाउने छ।

१९. **सुरक्षा प्रवन्ध गर्न सक्नेः** अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले खनिज कार्यको सिलसिलामा जिउज्यान तथा धनसम्पत्तिको सुरक्षाको लागि नेपाल सरकारले निर्णय गरे बमोजिम प्रचलित कानुनको अधीनमा रही आवश्यक सुरक्षा प्रवन्ध गर्न र हातहतियार राख्न पाउने छ।

२०. **सञ्चार उपकरण राख्न सक्ने:** अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले नेपाल सरकारले निर्णय गरे बमोजिम प्रचलित कानुनको अधीनमा रही खनिज कार्यको लागि आवश्यक सञ्चार उपकरण राख्न सक्नेछ।

२१. **सुविधा तथा सहुलियतः** अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले खनिज कार्य गर्दा पाउने सुविधा तथा सहुलिय प्रचलित कानूनमा तोकिएको बमोजिम हुनेछ।

२२. **रोयल्टी तथा अन्य दस्तुरः** अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले गाउँपालिकालाई खनिज पदार्थको प्रकार, गुणास्तर र परिमाणको आधारमा गाउँपालिकाले तोकेको दरमा रोयल्टी तथा अन्य दस्तुर बुझाउनुपर्ने छ।

२३. **स्थानीय विकास शूल्कः** अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले रोयल्टीको आधारमा तोकिएको दरमा स्थानीय विकास शुल्क बुझाउनु पर्नेछ।

२४. **सूचना तथा प्रतिवेदनः** अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले तोकिए बमोजिमको सूचना तथा प्रतिवेदन तोकिएको ढाँचामा गाउँपालिकामा पेश गर्नु पर्नेछ।

२५. **जग्गा प्राप्त गर्ने वा जग्गामा प्रवेश गर्नेः** (१) दफा १८ को उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रमा वाहेक अन्य क्षेत्रमा रहेका कुनै जग्गा खनिज कार्यको लागि अस्थायी वा स्थायी तवरले आवश्यक पर्ने भएमा गाउँपालिकाबाट अनुमति स्वीकृती देहायका कुराको अधीनमा रही उपयोग गर्न वा प्राप्त गर्न सकिने वा त्यस्तो जग्गा नेपाल सरकारको वा सार्वजनिक भए अनुमति प्राप्त व्यक्तिले गाउँपालिकालाई तोकिए बमोजिमको भूबहाल कर बुझाइ उपयोग गर्न सक्नेछ।

(क) त्यस्तो जग्गा निजी स्वामित्वको भए गाउँपालिकाले अनुमति प्राप्त व्यक्ति वा संगठित संगठित संस्थालाई वातावरणीय प्रभाव मूल्याकन समेत गरी निजकै खर्चमा प्रचलित कानुन बमोजिम प्राप्त गराईदिन बा भूवहालमा दिलाई दिन सक्नेछ।

(ख) खनिज कार्यको लागि कुनै जग्गामा केही समयको लागि कुनै यन्त्र, उपकरण, औजार जडान गर्न वा नाप नक्सा वा खनिज कार्य सम्बन्धी अन्य कुनै काम गर्न आवश्यक भएमा उपदफा (१) को अधीनमा रही त्यस्तो जग्गामा प्रवेश गरी त्यस्तो काम गर्न सक्नेछ।

(ग) गाउँपालिका वा अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले खनिज कार्य गर्दा कुनै जग्गावालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा त्यस्तो जग्गामा रहेको बाली, रूख, घर, वस्तु वा अन्य सम्पत्ति नोक्सान भएमा गाउँ कार्यपालिकाले आवश्यक प्राविधिक परामर्श लिइ प्रचलित दरभाउलाई समेत ध्यानमा राखी सम्बन्धित जग्गावालालाई क्षतिपूर्ति दिइनेछ।

**२६. विष्फोटक पदार्थको प्रयोगः** खनिज कार्यको लागि आवश्यक विष्फोटक पदार्थहरू अनुमति प्राप्त व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारले समय समयमा निर्धारण गरे बमोजिमको शर्त तथा प्रचलित कानुनको अधीनमा रही पैठारी, सञ्चय, ओसार पसार र प्रयोग गर्न सक्नेछ। उक्त कार्यका लागि गाउँपालिकाले सम्बन्धित निकायमा आवश्यक सिफारिसको लागि सहजीकरण गर्नेछ।

**२७. निरीक्षण तथा जाँचबुझः** (१) यो ऐन र यस ऐन बमोजिम बनेको नियमावली बमोजिम खनिज कार्य भए नभएको निरीक्षण तथा जाँचबुझ गर्न गाउँपालिकाले कुनै विशेषज्ञ, अधिकारी वा निकायलाई जिम्मेवारी प्रदान गर्न वा नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जिम्मेवारी तोकिएको विशेषज्ञ, अधिकारी वा निकायलाई निरीक्षण तथा जाँच बुझको सिलसिलामा खनिज कार्य भइरहेको वा हुने जुनसुकै ठाउँमा प्रवेश गर्न दिनु र निजले मागेको कागजात तथा विवरण उपलब्ध गराउनु अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद-८
## दण्ड सजाय सम्बन्धी व्यवस्था

२८. **दण्ड सजायः** (१) कसैले यस ऐन बमोजिम खनिज कार्य गर्ने अनुमति नलिइ खनिज कार्य गरेमा दण्ड सजायको हकदार हुनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गरेमा गाउँ कार्यपालिकाले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको मेशिन, उपकरण, औजार र मालसामान तथा अनाधिकृत तवरले उत्खनन् गरेको खनिज पदार्थ समेत जफत गर्नुका साथै त्यस्तो व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरिवाना भराउन सक्नेछ र त्यस्ती कार्यबाट नोक्सान भएको धनसम्पत्तिको क्षति पनि भराउन सक्नेछ।

(३) अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले दफा १४ (१) बमोजिम दिइएको निर्देशन वा दफा (१९) बमोजिमको आदेश पालन नगरेमा

(४) उपदफा (३) बमोजिमको कार्य गरेमागाउँपालिकाले खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति नै रद्द गर्न सक्नेछ र त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारणमा क्षति पुग्न गएमा, भूःक्षय भएमा वा कसैको जीउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमा एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ र नोक्सानीको आधारमा मुनासिव क्षतिपूर्ति समेत अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाबाट भराउनु पर्नेछ ।

(५) अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले दफा २६ बमोजिम गाउँपालिकामा दिनुपर्ने सूचना वा प्रतिवेदन नदिएमा

(६) उपदफा (५) बमोजिमको कार्य गरेमा त्यसरी सूचना वा प्रतिवेदन नदिए सम्म गाउँपालिकाले खनिज कार्य स्थगित गर्न सक्नेछ।

(७) अनुमति प्राप्त व्यक्तिले यस दफामा लेखिए बाहेक यस ऐन र ऐन अन्तर्गत बनेको नियम बर्खिलाप कुनै काम गरेमा

(८) उपदफा (७) बमोजिमको कार्य गरेमागाउँ कार्यपालिकाले निंज व्यक्ति वा संगठित संस्थालाई एक लाख रूपैयाँसम्म जरिवाना गर्न वा खनिज कार्य गर्न दिइएको अनुमति रद्ध गर्न सक्नेछ।

(९) उपदफा (१), (३), (५) वा (७) बमोजिम कारबाही गर्नु भन्दा अगाडि गाउँ कार्यपालिकाले सम्वन्धित व्यक्ति वा संगठित संस्थालाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(१०) गाउँपालिका वा अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले यस ऐन बमोजिम खनिज कार्य गर्दा कसैले बाधा विरोध गरेमा, अवरोध गरेमा

(११) उपदफा (१०) बमोजिमको कार्य गरेमानिजलाई प्रचलित कानुन बमोजिम कैद वा दश हजार रूपैया सम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ।

(१२) उपदफा (१), (३), (६), (७) वा (९) बमोजिम भएको सजायको आदेशमा चित्त नबुझेमा चित्त नबुझेमा व्यक्तिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

२९. **मध्यस्थताः** गाउँपालिका र अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाबीच खनिज कार्यसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा उठेको विवाद दुवै पक्षले आपसी सरसल्लाहबाट सुल्झाउन नसकेमा दुवै पक्षबीच भएको सम्झौतामा सोही बमोजिम र सम्झौतामा नतोकिएकोमा तोकिए

बमोजिम वा गाउँ कार्यपालिकाको निर्णय बमोजिमको मध्यस्थता द्वारा समाधान गरिने छ।

३०. **रद्ध गर्न सक्नेः** (१) स्थानीय, आन्तरिक वा राष्ट्रिय सुरक्षा वा सार्वजनिक हितको लागि आवश्यक देखेमा तुरुन्त खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्ध गरी आवश्यकता अनुसार माथिल्लो निकायमा सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले खनिज कार्य गर्ने अनुमति रद्द गर्दा अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थालाई पर्न गएको प्रत्यक्ष हानी नोक्सानीको निमित्त मनासिव माफिकको क्षतिपूर्ति दिनेछ।

## परिच्छेद-९

## विविध

३१. **नियम तथा कार्यविधि बनाउने अधिकारः** यसै ऐनको अधीनमा रही गाउँ कार्यपालिकाले जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग व्यवस्थित गर्नका लागि तथा कार्यान्वयनका लागि विषयगत थप स्पष्टता पार्न, व्याख्या विश्लेषण गर्न उपयुक्त व्यवस्था तथा प्रावधान सहित आवश्यक नियमावली, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

३२. **खारेजी तथा बचाउः** सङ्घीय र प्रदेश कानून सँग बाझिएमा वा यो ऐनको सान्दर्भिकता नभएमा वा प्रचलित कानुन अनुसार अमान्य भएमा गाउँ सभाले यो ऐनको संशोधन र खारेज गर्न सक्नेछ।

आज्ञाले

टंक बहादुर नेगी

प्रमुख प्रशासकीय अधिकृत